# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख १ गते २०४२ साल (अतिरिक्ताङ्क १

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट विक्रम सम्वत् २०४२ वैशाख १ गते नयाँ वर्षको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. विक्रम सम्वत् २०४२ को शुभारम्भ हुने यस सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा बस्ने सबै नेपालीको सुख समृद्धिको निम्ति शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ । यस अवसरमा मुलुकमा देखापरेका केही समसामयिक विषयहरूमा हामीलाई लागेको कुरा प्यारा देशवासीसामू राख्नु उपयुक्त ठान्दछौं ।

२. योजनाबद्ध तरीकाले विकास गर्ने प्रयासको क्रममा आगामी आर्थिक वर्षदेखि हामी छैठौं योजना पूरा गरी सातौं योजनाकालमा प्रवेश गर्दैछौं । एकातिर हामीले छैठौं योजनाको अवधिमा हासिल गरेका उपलब्धिहरूबाट सक्दो लाभ उठाउन सक्नु परेको छ भने अर्कोतिर विगतका त्रुटीहरू नदोहरियुन् भन्नका लागि ठोस कदम चाल्नु निश्चय नै राम्रो हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आउँदो आर्थिक वर्षदेखि नै विकेन्द्रीकरण योजना क्रमिक रूपले सबै जिल्लाहरूमा लागू हुँदैछ। यसको लागि हामीमा प्राथमिकता तोक्न सक्ने खुबी र योजना छान्ने क्षमताको पनि आवश्यक पर्दछ। गाँस, बास, कपडा, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत कुराहरूमा भने हालसम्मका योजनाहरूले दिई आएका प्राथमिकता कायमै राख्नु पर्ने देखिन्छ। हामीलाई यो कुरा पनि स्पष्ट भइसकेको छ कि सरकारी निकायहरूबाट मात्र देशमा विकासको लहर फैलिन सक्दैन। सच्चा विकास जनताको पाखुरा, पसिना, मन र मस्तिष्कमा नै अडेको हुन्छ। त्यसैले देशको सर्वाङ्गीण विकासमा व्यापक जन-सहभागिता जुटाउन निजी क्षेत्रलाई यथाशक्य प्रोत्साहन दिन र समुचित मूल्यको व्यवस्थाद्वारा उत्पादन वृद्धितर्फ हौसला दिनमा विशेष ध्यान दिनु परेको छ। यसोगर्दा हामीले देशका प्रत्येक वडा, गाउँ, नगर र जिल्लाको साथै सबै अञ्चल र क्षेत्रहरूलाई स्पष्ट रूपले सहभागी हुन सक्ने दृष्टिकोण राख्नु आवश्यक छ। यी सबैका लागि देशमा मर्यादा र अमनचयनको वातावरण चाहिन्छ भन्ने कुरा मैले दोहऱ्याउन पर्दैन जस्तो लाग्छ।

४. हाम्रो समाजमा पनि शिक्षाबारे धेरै चर्चा परिचर्चा भइरहेका छन्। यो स्वाभाविक पनि हो किनभने यस क्षेत्रमा नेपाली जनताले प्रशस्त लगानी गरेका छन्। जनआकांक्षा गुणात्मक शिक्षाको पक्षमा छ भन्ने कुरामा सन्देह छैन। स्तरयुक्त शिक्षाको आधारस्तम्भ नै विद्यालय तहको शिक्षा भएकोले हामीले त्यसमा विशेष दृष्टि पुऱ्याउनु पर्छ। मेचीदेखि महाकालीसम्म छरिएर सञ्चालन भइरहेका विभिन्न शिक्षण संस्थाहरूलाई केन्द्रबाट मात्र पूरा रेखदेख पुऱ्याउनु अव्यवहारिक सिद्ध भइसकेको छ। राजधानीमा रहेको सम्बन्धित निकायले गुणस्तर तोक्ने आधार र प्रोत्साहनको प्रभावकारी परिपाटी बसाल्ने जस्ता काममा ध्यान दिनु सम्भव छ तर विद्यालयको सञ्चालन गर्ने काम अभिभावक तथा स्थानीय व्यक्तिहरूबाटै बनेका सञ्चालक समितिहरूलाई नै जिम्मा लगाउनु वाञ्छनीय देखिन्छ। साथै गुणात्मक पक्षमा जोड दिई शिक्षाको स्तर उठाउन शिक्षकहरूमा चाहिने क्षमता र खुबी पनि बढाउँदै जानुपर्छ। यसको लागि आवश्यक प्रोत्साहन र प्रभावकारी तालीमको व्यवस्थामा पनि केन्द्रले विशेष ध्यान दिनुपर्छ। समुचित तालीमको अभाव नेपालको मात्र नभई विकासोन्मुख मुलुकहरूको साझा समस्याको रूपमा देखापरेको छ। यसैले स्तरयुक्त गहन र खंदिलो तालीम कोद्वारा, कसरी गराउने भन्ने तर्फ विगतका अनुभवलाई ध्यानमा राखी आवश्यक व्यवस्था गर्नुपर्छ। शिक्षाको क्षेत्रमा हालसम्म अपनाउँदै आएको नीति अनुरूप व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिई अघि बढ्नु पर्छ किनकि यी क्षेत्रहरूमा अहिले पनि निकै पछाडि परेका छौं।

५. पञ्चायत व्यवस्था एउटा दलविहीन व्यवस्था हो। यसमा आफ्नो गुट वा समूह बनाएर हिंड्नु पञ्चायतको चरित्रलाई सुहाउने कुरा होइन। यो व्यवस्थाले गुट वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दलभन्दा व्यक्तिको स्वतन्त्र विवेकपूर्ण अभिव्यक्तिमा विश्वास गर्दछ । पञ्चायती चरित्रले कुनै पनि नेपालीलाई सही कुरामा दृढ भै समर्थन गर्न र गलत कुरामा निडर भई गल्ती औंल्याउन जोड दिन्छ । हाम्रो व्यवस्था प्रजातान्त्रिक व्यवस्था भएकोले कुनै विषयमा विवाद भएमा मत गणना पनि लिइन्छ । त्यस्तो अवस्थामा आफ्नो पक्षतर्फ तान्ने प्रक्रिया पनि अवश्य हुन्छ तर समूह राखेर हिंड्ने प्रवृत्तिले पञ्चायती वातावरणलाई धमिल्याउँछ । स्वस्थ पञ्चायती वातावरण कायम राख्न सहयोग पुऱ्याउनु हामी सबैको साझा कर्तव्य हो भन्ने मलाई लाग्छ ।

६. पञ्चायत नीति तथा जाँचबुझ समितिबारे पनि बेलाबखतमा चर्चाहरू सुन्नमा नआएका होइनन् । प्रत्येक पञ्चले आफ्नो तहबाट देश तथा व्यवस्थाको पक्षमा पुऱ्याएको योगदानको मान्यता र कदर खोज्नु स्वाभाविक छ । पञ्चायत नीति तथा जाँचबुझ समितिले पञ्चभेलाद्वारा निर्धारित मूल्य र मान्यताको आधारमा काम गर्नु पर्नेहुँदा यस समितिलाई सक्षम बनाउने जिम्मेवारी पनि पञ्चकार्यकर्ताहरूमै निहीत छ । त्यसैगरी शान्ति र न्यायको वातावरण कायम राख्दै मुलुकका अरू संवैधानिक अङ्गहरूले पनि आ-आफ्नो जिम्मेवारी पालन गर्नुपर्दछ भन्ने कुरामा दुइमत हुन सक्दैन । देशको उत्थान गर्ने काममा एक अङ्ग मात्र पनि आफ्नो कर्तव्य पूरा गर्न पछि पर्न गएमा त्यसको असर अरू क्षेत्रमा पनि पर्छ भन्ने कुरा हामीले भुल्नु हुँदैन । विकास सित्तैमा आउँदैन र त्यसको लागि हामीले त्याग-तपस्या, धैर्य, लगनशीलता जस्ता भावनात्मक मूल्यहरू चुकाउनै पर्छ ।

७. यस्ता समसामयिक विषयमा जनसाधारणमा पनि चेतना बढेको पाउँदा हामीलाई खुशी लागेको छ । त्यसैगरी समस्या समाधान गर्ने सही प्रक्रियामा पनि हामीले बढी ध्यान दिनु पर्ने भएको छ । समयको चुनौतिलाई सामना गर्न पछि नपरी राष्ट्रिय हितलाई सदा ध्यानमा राखी अघि बढौं– सबै नेपालीमा यही नै हाम्रो यो वर्षको शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।